## आपूर्ति नीति तथा नियमन शाखाको कार्यविवरण

1. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन सम्बन्धी नीति, कानून र मापदण्ड बनाउने सम्बन्धी  कार्यहरु,
2. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको नियमित आपूर्तिको नियमन र अनुगमन गर्ने, गराउने  सम्बन्धी  कार्यहरु,
3. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य तथा गुणस्तर सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने  सम्बन्धी  कार्यहरु,
4. आपूर्तिसँग सम्बन्धित सम्बन्धित सार्वजनिक संस्थानहरुको संचालन सम्बन्धी  कार्यहरु,
5. अन्तर्गतका सार्वजनिक संस्थानहरुको कार्य सञ्चा◌ेलन सम्बन्धमा नियमित अनुगमनको व्यवस्था गरी आवश्यकतानुसार निर्देशन दिने  सम्बन्धी कार्यहरु,
6. आपूर्ति सम्बन्धी सूचना संकलन तथा प्रकाशन सम्बन्धी  कार्यहरु,
7. आपूर्ति, वितरण, मूल्य नियन्त्रण र गुणस्तर सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन सम्बन्धी  कार्यहरु,
8. आपूर्ति सम्बन्धी निजि तथा गैर सरकारी संस्थासँग सम्पर्क तथा समन्वय गर्ने  सम्बन्धी  कार्यहरु,
9. लक्षित समूह/व्यक्ति परिवारलाई सरल र सुपथ ढंगबाट अत्यावश्यक वस्तुहरू आपूर्ति गर्ने सम्भावनाको खोजी गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने  सम्बन्धी  कार्यहरु,

10. अत्यावश्यक वस्तुहरुको राष्ट्रिय मौज्दात (बफर स्टक) अद्यावधिक गर्ने, गराउने तथा सार्वजनिक गोदामहरुको व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्यहरु,

11. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन सम्बन्धी कार्य गर्ने गराउने सम्बन्धी कार्यहरु,

12. राष्ट्रिय स्तरमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्था मिलाउने सम्बन्धी कार्यहरु,

13. आपूर्ति तथा वितरण सम्बन्धमा सरकारी संस्थानहरू र अन्य सम्बन्धित निकायहरू जस्तै-मन्त्रालय, विभाग, आयोगहरूबीच समन्वय कायम गर्ने सम्बन्धी कार्यहरु,

14. आपूर्तिसँग सम्बन्धित विषयमा नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा समन्वय गर्ने सम्बन्धी कार्यहरु ।